# बढीमत निर्वाचन प्रणाली

- उर्मिला सुवाल
एल.एल.बी, प्रथम वर्ष, काठमाडौं स्कुल अफ ल

## परिचय

सामान्य नागरिकलाई राजकीय हैसियत दिलाउन होस् वा सो हैसियतबाट वंञ्चित गर्न होस् वा सार्वजनिक जवाफदेहिका पदपूर्ति गर्न होस् निर्वाचन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गरेको हून्छ । निर्वाचन प्रक्रियाद्वारा उचित प्रतिनिधि छनौट गर्न तथा आफ्नो भावना प्रतिविम्बित र प्रतिनिधित्व गर्न सकिन्छ । प्रतिनिधिहरुको चयनमा व्यक्तिको राज्य, समूदायप्रति इमान्दार समर्पण होस् र क्षमता, दक्षता, आवस्यकता बाहेक अन्य वाह्य तत्वहरुले छनौट कार्यमा कम भन्दा कम प्रभाव पुऱ्याओस् भन्ने धारणा सताब्दियौंदेखि राखीआएको देखिन्छ । राज्यमा बसोवास गर्ने समूदाय, समाजको मान्यता, भौतिक अवस्थिति र ती व्यक्तिहरुको सोच समेतको कारण प्रतिनिधिहरुको छनौट विधिहरु विभिन्न ढाँचामा विकसित गरिएको हो । निर्वाचन आधुनिक लोकतान्त्रिक समाजको केन्द्रीय अंग हो । निर्वाचन त्यस्तो निर्णय प्रक्रिया हो, जसबाट जनताको सार्वभौम शक्ति प्रतिनिधि उपर हस्तान्तरण हुने गर्छ । फलस्वरुप शासितहरुको सहमतिमा मात्र शासन सञ्चालन गर्ने परिपाटीको निर्माणले निर्वाचन शासनको वैधता पुष्ट्याई गर्ने महत्वपूर्ण आधार बन्दै आएको छ । यसैले निर्वाचन प्रणाली लोकतान्त्रिक व्यवस्थाको एक महत्वपूर्ण मापदण्ड मात्र नभई समग्र राजनीतिको लोकतान्त्रिक आधार हो । प्रारम्भिक अर्थमा निर्वाचन प्रणाली त्यस्तो संयन्त्र हो जसले नागरिकका प्राथमिकता तथा चाहनाहरुलाई निर्वाचनमा खसेको मतका आधारमा निर्वाचन झ्काई दलहरुले हासिल गरेका स्थानमा रुपान्तरण गर्छ । यद्यपि निर्वाचनको लक्ष्य विचार, समूह, लिंग, जाति समेतको उचित प्रतिनिधित्व गराई सरकार र राज्यको श्रोत बाँडफाँड गर्न र कानुन निर्माण गर्न सक्ने हैसियत प्रदान गर्नु हो । जसले सबै खाले मतदातहरुको उचित प्रतिनिधित्व गर्न र सामाजिक अन्तरद्वन्द समाप्त गर्न सकोस् । उक्त प्रयोजनका लागि हालसम्म एकल स्थानका लागि बढीमत, वहुमत, चक्र, तत्काल चक्र निर्वाचनः प्रार्थमिकतापूर्ण निर्वाचन र समानुपातिक प्रतिनिधित्वकालागि पार्टिसूचि, एकल संक्रमणीय मत र मिश्रित सदस्य निर्वाचनः अर्धसमानूपातिक प्रतिनिधित्वका लागि समानान्तर, एकल संक्रमणीय मत र क्यूमूलेटिभ र असमानुपातिक वहुस्थानकालागि एकमुस्ट र सीमित मत प्रणालीहरु प्रयोगमा छन् ।

अतः विश्वमा निर्वाचन नै सार्वभौम अधिकार प्रयोगको सवैभन्दा उत्तम प्रकिया भएको विगत अनुभवबाट पुष्टि भएको छ । निर्वाचनले व्यक्तिको सार्वभौमिक अधिकारलाई प्रजातान्त्रिक ढंगबाट सम्मानित गर्ने तथा व्यक्तिको मत निर्वाचनको प्रक्रिया मार्फत नै प्रतिनिधित्वमा रुपान्तरण हुने हुंदा निर्वाचनलाई मत प्रतिनिधित्वमा रुपान्तरण गर्ने सबैभन्दा उत्तम औजारको रुपमा स्वीकार गरिएकाको पाइन्छ ।

यस प्रणालीमा सबैभन्दा बढीमत प्राप्तगर्ने उम्मेद्वार निर्वाचनमा विजयी हुन्छ । त्यसैले यसलाई plurality system पनि भनिन्छ । वहुप्रचलित यस बढीमत प्रणालीअनुसार जसले बढी ल्याउँछ, त्यसले जित्दछ । यस प्रणालीमा मतदाताले आफूले रोजेको उम्मेदवारलाई मतपत्रमा उसको नाम वा चिन्ह आगाडि कुनै छापलगाएर आफ्नो मत अभिव्यक्त गरेको हुन्छ । यो निर्वाचनमा मतको आधारमा तुलनात्मक रुपमा सबैभन्दा बढीमत भएपुग्ने यस प्रणालीको निर्वाचनमा प्रयोग भएको अन्य मतहरुले कुनै महत्व राख्दैन । सबैभन्दा बढीभनेको कतिलाई मान्ने भन्ने खासै निश्चित संख्या नभएर प्रतिस्पर्धीहरुमध्ये सबैभन्दा बढीसँग मात्र सम्बन्ध राख्ने हुनाले दौडमा जो प्रथम हुन्छ उसैको जीत हुन्छ भन्ने प्रचलनसँग तुलनागर्न सकिन्छ । मतदातालाई मतपत्रमा उल्लेखित कुनै एक उम्मेद्वारलाई मात्र मतदान गर्ने अधिकार हुन्छ । अन्य निर्वाचनहरुको तुलनामा बढीमत प्रणाली सरल, छिटोसम्पन्न, व्यवस्थागर्न सकिने, सामान्य मानिसहरुले समेत सजिलैसँग बुझ्न सक्ने तथा मतदानमा आवस्यक छनौट विकल्प प्राप्त हुने हुँदा निस्चित योग्यता, दक्षता, योगदानलाई मतद्वारा सजिलै छनौट गर्न सकिने भएकोकारण संसारका २१७ मुलुकहरुमध्ये ८१ मुलुकहरुमा यसको प्रयोग भएको देखिन्छ । सामान्यतया एकल निर्वाचन क्षेत्रमा यसको प्रयोग भएको देखिन्छ । खासगरी वेलायत, क्यानडा, भारत, संयुक्तराज्य अमेरिका लगाएत पूर्व वेलायती उपनिवेशबाट प्रभावित देशहरुमा यो प्रणाली लोकप्रिय छ । नेपालमा यो प्रणाली प्रतिनिधिसभाको निर्वाचनमा प्रयोग गरिन्थ्यो ।

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np

## बढीमत निर्वाचन प्रणालीका फाइदा र बेफाइदाहरुः

क) बढीमत निर्वाचन प्रणालीका फाइदाहरुः

- सरल मतदान तथा गणनाविधि, छरितो र कम खर्चिलो, साधारण मतदाताहरुको लागि बुझाउन सजिलो हुने र पार्टी राजनीति भन्दा व्यक्तिको छनौट गर्न मतदाताहरुका लागि यो उपयुक्त विधि मानिन्छ।
- यस प्रणालीले मतदातालााई दुईवटा प्रमुख दलहरुबीच छनौटको अवसर प्रदान गर्दछ।
- यस प्रणालीले एक दलीय स्थिर सरकारको सम्भावनालाई जन्माउँछ।
- मतदाता र पतिनिधिविच नजिकको सम्बन्ध कायम गर्दछ।
- फराकिलो आधार भएका राजनीतिक दलहरुलाई यसले प्रोत्साहन दिन्छ।
- कम साक्षर मतदाताका लागि र मतगणनाका लागि सबैभन्दा सरल हुन्छ
- वहुमतको आधारमा कुनै दलले सरकारमा प्रभुत्व जमाउने हुँदा दोश्रो ठूलो राजनीतिक दलले विपक्षीको भूमिका खेल्ने र सरकारलाई ठीक बाटोमा ल्याउन सहयोग पुऱ्याउँछ अर्थात मजवुत विपक्षीको सुरुवात हुन्छ।
- उपयुक्त व्यक्ति मार्फत शासन गर्ने व्यवस्था यस प्रणालीमा हुन्छ।
- यस निर्वाचन प्रणालीमा एक व्यक्ति एक मतको प्रयोग हुन्छ।
- भौगोलिक रुपमा क्षेत्रीय स्तरमा रहेका पार्टीहरुको सो क्षेत्रमा उच्च प्रभाव राख्न र प्रतिनिधित्व गराउन सक्छन्। यद्यपि राष्ट्रिय रुपमा हेर्ने हो भने त्यो मतले प्रतिनिधित्व गराउन नसक्ने पनि हुन सक्छ।

ख) बढीमत निर्वाचन प्रणालीका बेफाइदाहरु :

- बढीमत प्रणाली मार्फत अन्ततः निर्वाचनमा दुई पार्टीको प्रतिस्पर्धा हुने गर्दछ। वेलायतमा सन् १९२२ देखि हालसम्मका २२ आम निर्वाचनको दौडानमा अधिकांश दुई पार्टीबीच प्रतिस्पर्धा भएको पाइन्छ।
- अल्पमतलाई विजयी घोषणा गरिन्छ। अर्थात अल्पमतद्वारा वहुमतलाई शासन गरिन्छ।
- वहुमत खेर जान्छ।
- निर्वाचन मार्फत व्यक्त सबैभन्दा बढीमतको कदर यस प्रणालीमा हुदैन किनभने ती मतहरू निर्वाचनमा पराजित उम्मेद्वारहरूले प्राप्त गरेको मत हो।
- यसले अल्पसंख्यकहरुलाई उचित प्रतिनिधित्वबाट वञ्चित राख्दछ।
- समानुपातिक प्रतिनिधित्व नभएको कारण महिलाहरुको न्यून प्रतिनिधित्व हुने गर्दछ।
- यस प्रणाली अन्तर्गत वंश, जाति, क्षेत्रको आधारमा पनि राजनीतिक दलहरुको विकास हुन्छ।
- यस प्रणालीले क्षेत्रीय सीमावादलाई बढी बढावा दिन्छ साथै यसले निर्वाचन क्षेत्रमुखी बनाउँछ।
- यस प्रणालीअन्तर्गत राजनीतिको प्रभावमा क्षेत्रीय सीमानाको निर्धारण हेरफेर हुनसक्छ।
- नराम्रो उम्मेद्ववार पार्टीको छविले जित्ने र राम्रो उम्मेद्वार पार्टीको बदनामीले हार्ने सम्भावना हुन्छ।
- सुरक्षित क्षेत्रको खोजी र विकृतिको श्रृजना हुने गर्दछ।

■

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : **info@ksl.edu.np**